# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०६।१० गते

# प्रेस विज्ञप्ति

**विषय: बडादशैं २०७४ को उपलक्ष्यमा माननीय प्रमुख आयुक्त ज्यूको शुभकामना सन्देश**

---

असत्य माथी सत्य र असूरी माथि दैवी शक्तिको विजयोत्सव का रुपमा मनाईदै आएको महान पर्व बडादशैको पावन अवसरमा स्वदेश तथा बिदेशमा रहनु भएका सम्पूर्ण नेपाली दाजुभाई तथा दिदीबहिनीहरुमा सुख शान्ति तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

न्याय, सत्य र वीरताको संदेश प्रवाह गर्ने यस महान साँस्कृतिक पर्वले नेपाली मात्रलाई भ्रष्टाचार र अनियमितता लगायत समाजमा व्याप्त सबैखाले असंगतिका विरुद्दमा जागरुक रहन र सुशासन र पारदर्शीताका पक्षमा अटल रहन प्रेरणा प्रदान गरोस भन्ने थप कामना समेत प्रकट गर्दछु।

साथ-साथै यस अवसरमा शक्तिकी प्रतिक जगतजननी दुर्गा-भवानीबाट सम्पूर्ण नेपालीजनलाई मुलुकको बृहत्तर हित र सुखद भविष्य निर्माणका निमित्त अझबढी क्रियाशिल रहने अशिर्वाद एवं अभिप्रेरणा प्राप्त होस भन्ने शुभेक्षा समेत व्यक्त गर्दछु।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता